# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(........................ महाशाखा)

फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेबसाइटः- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौं
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल।

पत्र संख्याः-

च.नं. : २६०४

मितिः २०७९।०१।२९

विषयः शैक्षिक सत्र तथा सार्वजनिक बिदा व्यवस्थापन सम्बन्धमा ।

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रदेश कार्यालयहरू (सबै)
श्री परिषद् अन्तर्गत सञ्चालित आङ्गिक, सामुदायिक, साझेदारी एवं निजी शिक्षण संस्थाहरू (सबै)

उपरोक्त सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको चं. नं. ३८५ मिति २०७९।०१।२७ को प्राप्त पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०१।१३ मा परीक्षणको रूपमा मिति २०७९ जेठ १ गतेदेखि लागू हुनेगरी शनिबार र आईतबार सार्बजनिक बिदा दिने निर्णय भए बमोजिम उक्त निर्णय कार्यान्वयनको सन्दर्भमा शिक्षण संथामा हुने शैक्षिक क्रियाकलापलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तथा बिदा सम्बन्धी निर्णय कार्यान्वयनमा एकरूपता कायम गर्न गराउन मिति २०७९।०१।२७ (माननीय मन्त्रीस्तर) निर्णय अनुसार लेखी आएकोले परिषद् अन्तर्गतका आङ्गिक, सामुदायिक, साझेदारी, र निजीस्तरमा सञ्चालित सबै प्रकारका शिक्षण संस्थाहरूले देहाय बमोजिम हुनेगरी शैक्षिक सत्र तथा सार्वजनिक बिदा व्यवस्थापन गर्न गराउनु हुन परिषद् कार्यालयको मिति २०७९।०१।२९ को निर्णयानुसार अनुरोध छ ।

१) परिषद्को स्वीकृत पाठ्यक्रमले निर्दिष्ट गरेको पाठ्यभार एवं प्रति हप्ता पाठ्यघण्टामा नघट्ने गरी समय तालिका, बार्षिक तथा शैक्षिक क्यालेण्डर तयार गरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

२) सम्बन्धित कार्यक्रम अनुसार पाठ्यक्रमले तोके बमोजिमको प्रयोगात्मक अभ्यास, औद्योगिक अभ्यास कार्यगत तालीम (OJT), Industrial attachment, Hospital/Clinical/Lab/Community/Field practice, र Internship जस्ता कार्यक्रम कार्यान्वयन गर्दा पदस्थापन भएको सम्बन्धित संस्थाको प्रचलित नियमानुसार बिदाको व्यवस्थापन गर्ने गराउने,

३) शिक्षण संस्थाहरूले दशैंदेखि छठ पर्वसम्मको अवधिमा बिदा दिनु परेमा सम्बन्धित शिक्षालय/विद्यालय संचालक समितिबाट निर्णय गराइ हिउँदे वा बर्षे बिदाबाट समायोजन गर्नेगराउने ।

........................
दिपक प्रसाद पौडेल
निर्देशक, प्राविधिक महाशाखा

बोधार्थः

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय